आज मिति २०८१ साल फागुन २४ गते शनिबारका दिन भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०८१/०८२ को नवौं बैठक नगर प्रमुख श्री आनन्द राज त्रिपाठी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिति:

१. श्री आनन्द राज त्रिपाठी (नगर प्रमुख)
२. श्री उमा गोतामे (उप प्रमुख)
३. श्री गौतम भण्डारी - प्रमुख प्रशासकीय अधिकृत (सचिव)
४. श्री कान्छीमाया तामाङ (वडाध्यक्ष १ नं.वडा)
५. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)
६. श्री तुल कुमार गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)
७. श्री अर्जुन बहादुर बोहोरा (वडाध्यक्ष ४ नं.वडा)
८. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)
९. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)
१०. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा)
११. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)
१२. श्री मिन बहादुर गुरुङ्ग (वडाध्यक्ष ९ नं.वडा)
१३. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)
१४. श्री विमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा)
१५. श्री बेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)
१६. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)
१७. श्री विन्दा रानाभाट (का.पा. सदस्य)
१८. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)
१९. श्री प्रविना थापा मगर (का.पा. सदस्य)
२०. श्री रविन भुजेल (का.पा. सदस्य)
२१. श्री राजु सुर्खाली (का.पा. सदस्य)
२२. श्री सावित्री सुनार (का.पा. सदस्य)
२३. श्री सकिना खातुन (का.पा. सदस्य)
२४. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)
२५. श्री राजेन्द्र ढुंगाना (कार्यवहाक वडा अध्यक्ष भानु १०)

अन्य उपस्थिति:

२६. श्री सुनिल पाण्डे (वरिष्ठ प्रशासकीय अधिकृत)
२७. श्री मधु विलास वढु (सहायक कम्प्युटर अपरेटर)
२८. श्री अमित लामा (३ नं. वडा सदस्य)

# भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/११/२४ गते बसेको आ.व.२०८१/०८२ को नवौं बैठकका निर्णयहरु:

**निर्णय नं.१** भानु नगरकार्यपालिकाको मिति २०८१/१०/२२ गते बसेको आ.व. २०८१/०८२ को आठौं कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा ९ वटा निर्णयहरु भएकोमा निर्णय नं. ३ र ४ मात्र कार्यान्वयनको चरणमा रहेको अन्य निर्णयहरु कार्यान्वय भएको पाइयो ।

**निर्णय नं.२** स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १६(१) अधिकृत स्तरको कर्मचारीको नियुक्ति कार्यपालिकाद्वारा गर्ने व्यवस्था भए बमोजिम लोक सेवा आयोग पोखरा कार्यालयको च.नं.६४३, मिति २०८१/११/०२ गतेको पत्रानुसार मेडिकल अधिकृत पदमा स्थायी नियुक्तिको लागि भानु नगरकार्यपालिकाको कार्यालयमा सिफारिस भई आउनु भएको मेडिकल अधिकृत डा. सुलोचना न्यौपानेलाई मिति २०८१/११/०५ गतेदेखि लागु हुने गरी प्रदान गरिएको स्थायी नियुक्तिलाई सदर एवं अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३** "सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन कार्यविधि २०८१" स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.४** स्थानीय आर्थिक विकास संवाद समितिको कार्यलाई सहजिकरण गर्न स्थानीय आर्थिक विकासका सरोकारवाला विच खुल्ला संवाद चलाउन र त्यस बारेमा आम जनमानसमा सकारात्मक परिवर्तन ल्याउन विषयगत क्षेत्रको विज्ञ र प्रतिष्ठित व्यक्तिहरुको प्रतिनिधित्व हुने गरि देहाय अनुसार "स्थानीय आर्थिक विकास सम्वाद मञ्च" गठन गर्ने निर्णय गरियो ।

देहायः

- संयोजक - श्री सुवास न्यौपाने, भानु न.पा.
- सदस्य - श्री बासुराज कडरिया, स्थानीय बुद्धिजिवि उधमी/व्यवसायी
- सदस्य - श्री विनोद श्रेष्ठ, कृषि विज्ञ
- सदस्य - श्री कृष्ण कुमार श्रेष्ठ, उद्योग वाणिज्य महासंघ प्रतिनिधी
- सदस्य - श्री शुक्र कुमार श्रेष्ठ, पर्यटन व्यवसायी
- सदस्य - श्री भानु सामुदायिक विकास सहकारी, सहकारी
- सदस्य - श्री पूर्ण बहादुर आले, व्यवसायिक कृषक
- सदस्य - श्री गणेश प्रसाद ढकाल, व्यवसायिक पशुपालक
- सदस्य - श्री इन्द्र लामा, वन उपभोक्ता समुह
- सदस्य - श्री मिश्रिदेवी रानाभाट,जेष्ठ नागरिक संयोजक



२०८१/११/२४

२०८१/११/२४

...म भण्डारी ...अधिकृत

...नन्द राज त्रिपाठी

- सदस्य - श्री ग्लोबल आइ एम ई बैंक, बैक तथा वित्तीय संस्था
- सदस्य - श्री अरुणकान्त घिमिरे, होटल व्यवसायि
- सदस्य - श्री खिम माया गुरुङ, महिला सञ्जाल अध्यक्ष
- सदस्य - श्री रविन्द्र राज जोशी, शिक्षक
- सदस्य - श्री चिज कुमार तामाङ, निर्माण व्यवसायि
- सदस्य - श्री होराज शारदा शिक्षा सदन मा.वि. विधार्थी
- सदस्य - श्री पार्वती क्षेत्री, स्वास्थ्य स्वयंसेविका
- सदस्य - श्री श्याम बहादुर खड्का, फरक क्षमता भएका व्यक्ति मध्ये
- सदस्य - श्री जेनिथ तामाङ्ग, युवा क्लब

<u>निर्णय नं.५</u> स्थानीय आर्थिक विकासको माध्यमबाट स्थानीय क्षेत्रमा समावेशी जलवायु अनुकुलन र दिगो आर्थिक विकासलाई प्रवर्द्धन गर्न, उत्पादन र उत्पादकत्व वृद्धि गरि स्थानीय उधमशीलता अभिवृद्धि गर्न एवं सम्पूर्ण नागरिकहरुको रोजगारी र आय वृद्धि गर्न निजी, सामुदायिक तथा सहकारी क्षेत्रलाई अधिकतम परिचालन गर्दै स्थानीय आर्थिक समृद्धि हासिल गर्न अपरिहार्यता रहेको हुदाँ भानु नगरपालिकामा आर्थिक विकासका गतिविध्रिहरु सञ्चालन गर्न तर्जुमा गरिएको स्थानीय आर्थिक विकास रणनीतिक योजना स्वीकृत गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.६</u> भानु न.पा. वडा नं. ४ स्थित वडहरेमा चक्लावन्दीमा भानु नगरपालिकाको ब्याक हो लोडर माग भए अनुसार उक्त चक्लाबन्दी कार्यको लागि सम्बन्धित वडाका प्राविधिकले तयार गरेको स्टिमेटका आधारमा भानु नगरपालिकाको ब्याक हो लोडर उपलब्ध गराउने निर्णय गरियो ।

<u>निर्णय नं.७</u> भानु नगरपालिकाको चालु आ.व.मा स्वीकृत योजनाहरुको २०८१/११/२३ सम्मको प्रगति विवरण तथा राजस्व आम्दानीको विवरण प्रस्तुती एवं छलफल गरियो ।

गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

<u>निर्णय नं.८</u> भानु नगरपालिकामा नगरपालिका भित्र र बाहिरका विभिन्न क्षेत्रबाट आर्थिक सहायताको लागि परेका निवेदन उपर छलफल गर्दा तपसिल बमोजिमका व्यक्ति, संस्था, कार्यक्रमकलाई तपसिल बमोजिमको राहत उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | वडा नं. | नाम | बुबाको नाम | रकम | बजेट शीर्षक | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | १ | लालुमाया बानिया | चन्द्र बहादुर बानिया, श्रीमान | २५,०००। | अ.सा.सु.एंव आ.उ. | |
| २. | १ | अभिषेक परियार | राजु परियार | २०,०००। | अ.सा.सु.एंव आ.उ. | |
| ३. | १ | राज कुमार कायश्थ | प्रेम माया कायश्थ, श्रीमती | २०,०००। | अ.सा.सु.एंव आ.उ. | |
| ४. | ३ | कृष्ण बहादुर बि.क. | | २५,०००। | अ.सा.सु.एंव आ.उ. | |
| ५. | ३ | रामु नेपाली | दल बहादुर नेपाली | ३०,०००। | अ.सा.सु.एंव आ.उ. | |
| ६. | ४ | यस माया तामाङ | बामेत तामाङ | २५,०००। | अ.सा.सु.एंव आ.उ. | |
| ७. | ४ | एडोन तामाङ | ममता तामाङ, आमा | ३०,०००। | अ.सा.सु.एंव आ.उ. | |
| ८. | ४ | कृष्ण बहादुर कुमाल | सोम बहादुर कुमाल | २०,०००। | अ.सा.सु.एंव आ.उ. | |
| ९. | ५ | मिन बहादुर सार्की | आस माया सार्की, श्रीमती | २०,०००। | अ.सा.सु.एंव आ.उ. | |
| १०. | १० | सुप्रिया ढुङ्गाना | नानी ढुङ्गाना, आमा | ३०,०००। | अ.सा.सु.एंव आ.उ. | |
| ११. | ४ | भगवान पार्वतीको मूर्ति निर्माण | | ३०,०००। | अ.सा.सु.एंव आ.उ. | |
| १२. | ९ | सावित्री श्रेष्ठ | उपचारको लागि आर्थिक सहयोग | ३०,०००। | अ.सा.सु.एंव आ.उ. | |
| १३. | ९ | पुर्कोट प्रहरी चौकीमा ब्याटमिन्टन कोर्ट निर्माण | | ३०,०००। | अ.सा.सु.एंव आ.उ. | |
| १४. | | मगर स्थापना दिवश मनाउन | | २५,०००। | अ.सा.सु.एंव आ.उ. | |
| १५. | | भानु ३ मा १३ वटै वडाका लागि सञ्चालित प्लम्बिङ तालिममा सहभागीको लागि खाजा खर्च | | ३०,०००। | अ.सा.सु.एंव आ.उ. | |
| १६. | | गण्डकी प्रदेश ' मगर साहित्यिक तथा सांस्कृतिक कार्यक्रम | | २०,०००। | अ.सा.सु.एंव आ.उ. | |



गौतम भण्डारी
प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

निर्णय नं.९ नारायणी आधारभुत विद्यालय सञ्चालन एवं भौतिक र शैक्षिक सुधारका लागि युनाइट्ट वर्ल्ड स्कूल्स (UWS), खादवारी संखुवासभाद्वारा आयोजना प्रस्ताव गरिए बमोजिम उक्त UWS को तर्फबाट विद्यालय भवन निर्माणमा आवश्यकता बमोजिम जमिन व्यवस्थापन र नदि जन्य निर्माण सामग्रीहरु वा सो बराबरको सम्झौता बमोजिमको बजेट नगरकार्यपालिकाको कार्यालयबाट व्यवस्थापन गर्ने प्रतिवद्धता सहितको निर्णय गरियो ।

निर्णय नं.१० भानु नगरपालिका वडा नं.९ कर्मदा मा.वि. बाट नेमुने पार्क जाने बाटो सरसफाई गर्नका लागि सम्बन्धित वडाका प्राविधिकले तयार गरेको स्टिमेटका आधारमा भानु नगरपालिकाको ब्याक हो लोडर उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.११ भानु नगरपालिका वडा नं.८ बेनीघाटबाट नेमुने मार्ग सरसफाई गर्नका लागि सम्बन्धित वडाका प्राविधिकले तयार गरेको स्टिमेटका आधारमा भानु नगरपालिकाको ब्याक हो लोडर उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१२ संयुक्त राज्य अमेरिकाको THE CITY OF EULESS, TEXAS का उपप्रमुख श्री टिका पौडेलले १ मार्च २०२५ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सम्बोधन गरी स्थानीय सुशासन, पर्यटन र विकास सम्बन्धी अनुभव तथा सहयोग आदान प्रदान गर्ने उद्देश्य राखी यस नगरपालिकाका नगर प्रमुख श्री आनन्द राज त्रिपाठीलाई निमन्त्रणा गर्नु भएको र नगर प्रमुखज्यूको सम्पूर्ण यातायात तथा बसोबास खर्च THE CITY OF EULESS, TEXAS ले नै व्यहोर्ने भनि पत्र प्राप्त भएकोले सो भ्रमणबाट यस भानु नगरपालिकाको विकास, सम्वृद्धि र सुशासन प्रवर्धनलाई टेवा समेत पुग्ने देखिएकोले नगर प्रमुख श्री आनन्द राज त्रिपाठीलाई उक्त भ्रमणका लागि प्रचलित कानून बमोजिम नेपाल सरकारको सहमती र भ्रमणका लागि आवश्कय Passport, Visa र अन्य आवश्यक कागजात निर्माणमा समन्वय र सहजीकरण गरिदिनु हुन नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

२०८१/११/२८
गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

२०८१/११/२८
आनन्द राज त्रिपाठी
प्रमुख